अन्नपूर्ण पोष्ट July-23-003

# बन पैदावारबारे नगरकोट घोषणापत्र सार्वजनिक

अन्नपूर्ण समाचारदाता

काठमाडौं, ६ साउन : गैह्र काष्ठ वन पैदावारको प्रशस्त संभाव्यता दृष्टिगत गर्दै सरकारलाई यसको नीति निर्माणमा सघाउ पुर्‍याउन नगरकोट घोषणापत्र सोमबार सार्वजनिक गरिएको छ। घोषणामा सार्वजनिक बुँदाहरू बन तथा भूसंरक्षण मन्त्रीको अध्यक्षतामा गठित जडीबुटी तथा गैह्रकाष्ठ बन पैदावार समन्वय समितिसमक्ष नीतिगत सुधारका लागि पेस गरिनेछ।

दिगो तथा उत्पादनशील जडीबुटी व्यवस्थापन, जडीबुटी तथा गैह्रकाष्ठ बन पैदावारमा आधारित उद्यम विकास र निकासीलाई बढावा दिंदै जडीबुटी खेतीको लागि प्रोत्साहन गर्ने, उद्यम विकासमा सहयोग पुग्ने गरी बन नीति तथा कानुनमा सुधार तथा यस क्षेत्रको लागि छुट्टै गुरुयोजना निर्माण गर्ने, गैह्रकाष्ठ बन पैदावारमा विद्यमान राजस्व दर र कर प्रणालीलाई पुनरावलोकन गरी समयानुकूल सुधार गर्दै एकद्वार प्रणाली लागू गर्ने कुराहरू घोषणामा रहेका छन्।

यसैगरी घोषणाले जडीबुटी तथा गैह्रकाष्ठ बन पैदावारको दृष्टिकोणले महत्त्वपूर्ण भूभागहरूलाई विशेष जडीबुटी क्षेत्र घोषणागरी विशेष कार्यक्रम लागू गर्ने, बन प्रमाणीकरण र जैविक प्रमाणीकरणलाई प्रोत्साहन गर्ने, गुणस्तर जाँचको लागि प्रयोगशालाको व्यवस्था गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पैदावारहरूको प्रवर्द्धन गर्ने, संकलन पुर्जी, ओसार पसार र विक्रीवितरण प्रक्रियामा पाइएका कानुनी अवरोधहरू हटाउनेतर्फ जोड दिनुपर्ने घोषणपत्रमा जनाइएको छ।